गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा, नेपाल

(शासकीय सुधार तथा समन्वय शाखा)

पत्र संख्या :- २०७९/०८०
चलानी नं. :-

## विषय: अवधारणा पत्र पेश गर्ने सम्बन्धी विस्तृत सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७९/०७/१७

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत स्थानीय, सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यान्वयनमा रहेको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र अनलाइन पोर्टल https://ipf.plgsp.gov.np/ मार्फत अवधारणा पत्र पेश गर्न निर्देशिकाको दफा ५ बमोजिम यस प्रदेशका सम्पूर्ण स्थानीय तहहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**अवधारणा पेश गर्ने क्षेत्रहरु ( नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ दफा २५ सँग सम्बन्धित)**

१. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित प्रदेश तथा स्थानीय तहका साझा तथा स्थानीय तहका एकल अधिकारमा उल्लिखित विषय क्षेत्रहरु,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा उल्लिखित विषय क्षेत्रहरु,
३. निर्देशिकाको अनुसूची ५ मा समावेश गरिएका विषयहरु।

**पेश गर्नुपर्ने कागजातहरु (अनुसूची २ सँग सम्बन्धित)**

१. नवप्रवंर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६(ज) बमोजिमको कार्यान्वयन समिति गठनको निर्णयको प्रतिलिपि।
२. सम्बन्धित कार्यपालिकाको बैठकबाट प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि।
३. चालु आ.व. को बजेट तथा कार्यक्रमलाई गत आ.व.को असार १० गतेभित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिएको गाउँ/नगर सभा निर्णयको प्रतिलिपि।
४. स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LIZA) को अन्तिम नतिजाको प्राप्ताङ्क खुल्ने आधार एवम् स्थानीय तह संस्थागत स्वमूल्याङ्कन नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णय प्रतिलिपि।
५. स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कन (FRA) को अन्तिम नतिजाको प्राप्ताङ्क खुल्ने आधार एवं स्थानीय तह वित्तीय सुशासन मुल्याङ्कनको नतिजालाई सार्वजनिक गरेको कार्यपालिकाको निर्णयको प्रतिलिपि।
६. दुई वा सो भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा प्रस्ताव पेश गरेमा साझेदारको लागत सहभागिताको प्रतिवद्धता सहित समझदारीपत्रको दस्तावेज।
७. गैरसरकारी संस्था वा सामुदायिक संस्था वा सहकारी संस्था वा निजी क्षेत्रसँग लागत साझेदारीमा प्रस्तावं पेश भएमा लागत सहभागिताको विवरण सहित सम्झौतापत्र एवं साझेदार संस्था निजी क्षेत्र भएमा उक्त संस्थाको गत आ.व.को कर चुक्ता प्रमाणपत्र।
८. गत आ.व.भन्दा अघिल्लो आ.व.को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि।
९. अवधारणपत्र पेश गरेको सम्बन्धमा स्थानीय तहले यस कार्यालयलाई सम्बोधन गरी लेखेको पत्र।
१०. अनुसूची -१ बमोजिम अनलाईन पोर्टलमा भरिएको अवधारणापत्र प्रिन्ट गरी प्रमाणित गरिएको प्रति।

**सूचना र थप जानकारीका लागि सम्पर्क व्यक्तिहरु:**

श्री वीरेन्द्र पराजुली Team Leader -९८५६०२०७२१
श्री निराजन श्रेष्ठ, IPF Expert – ९८५७६२०१०४

(थम्मनसिंह गौतम)
प्रदेश कार्यक्रम व्यवस्थापक